महाराजगंज नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

महाराजगंज, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या: ०८१/०८२

चलानी नं: २०६

मिति: २०८१/०५/०५

श्री सामुदायिक विद्यालय, (सबै)

महाराजगंज नगरपालिका, कपिलवस्तु ।

**विषयः ४ कोठे भवन (शौचालय सहित) निर्माणका लागि प्रस्तावना पेस गर्ने सम्बन्धी सूचना ।**

प्रस्तुत सम्बन्धमा आ.व २०८१/०८२ को विद्यालय शिक्षा क्षेत्र योजना अन्तर्गतको संघीय शिक्षा ससर्त अनुदान तर्फको क्रियाकलाप नं ११.१.२.२९८६ स्थानीय तहको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान कार्यक्रम तर्फको स्वीकृत नयाँ ४ कोठे भवन (शौचालय सहित) निर्माणका लागि विद्यालय छनौट गरी प्राथमिकताक्रम निर्धारणका लागि देहायका कागजातहरुसहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र प्रस्तावना पेस गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

देहायः

१. प्रस्तावना पत्र (विद्यालय सञ्चालित कक्षा, विद्यार्थी संख्या, अपुग हुने कक्षाकोठा संख्या तथा बाढी/पहिरो वा विपद्का कारण विद्यालय भवन क्षति भएको भए सोको विवरण सहितको समग्र विद्यालयको विवरण सहितको प्रस्तावना)

२. विद्यालयको माग पत्र ।

३. कार्यक्रम माग सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि ।

४. विद्यालयको जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रमाणित प्रतिलिपि वा प्रचलित कानुन बमोजिम जग्गा भोग चलन गर्न अनुमति प्राप्त भएका कागजातहरु ।

२०८१/०५/०५

रविन्द्र प्रसाद चौधरी

प्रमुख प्रशासकीय अधिकृत